# माधवी उपन्यासमा संस्कृति

डा. दुर्गाबहादुर घर्ती, सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
Email: durgagharti@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययन माधवी उपन्यासमा चित्रण गरिएका संस्कृतिको अध्ययनमा केन्द्रित छ । यस उपन्यासमा महाभारतको उद्योग पर्वका अध्याय १०६ देखि १२३ सम्म पाइने गालवसम्बन्धी कथालाई आधार बनाइए पनि त्यसमा मौलिक प्रकारका संस्कृति प्रस्तुत परिवर्तन गरिएको छ । उपन्यासमा माधवी र गालव जस्ता यायावरीय पात्रका माध्यमबाट भारतका उत्तरी क्षेत्र र नेपालका केही भूभागका विभिन्न समाजका संस्कृति देखाउन सजिलो भएको छ । संस्कृति भनेको परम्परागत रूपमा समाजमा प्रचलित हुँदै आएका जीवनपद्धति, सामाजिक व्यवहार, आस्था, विश्वास, संस्कार, रीतिरिवाज, अनुष्ठान, जात्रापर्व, कला आदि हुन् । तिनै आधारमा माधवी उपन्यासमा चित्रित संस्कृतिको अध्ययन गरिएको छ । प्रस्तुत उपन्यासमा सामाजिक विकास क्रमिक रूपमा नभए पनि समाजविकासका मातृसत्तात्मक युग, दासयुग, सामन्ती युग, पुँजीवादी युग र वर्गविहीन समाजवादी युगसम्मको समाज देखापर्दछन् । चौलामाताको वनायु जनपद मातृसत्तात्मक समाज हो र त्यसअन्तर्गत इभ्यग्राम र शैवालिक जनपद पनि पर्दछन् । मण्डलक जनपदमा खेतीको विकास नभएको तर पशुपालनको आरम्भ भएको देखिन्छ । शैवालिक जनपद निषादसमाज हो । अहिच्छत्र र कोशल जनपदमा दासप्रथा र दासविद्रोह पनि देखापर्दछ । ती दुवै ठाउँमा सामन्तहरूमध्येबाट वर्ष वर्षमा राजा चुन्ने प्रचलन रहेको पाइन्छ । कण्वग्राम र भोजनगरमा अन्न खेती भएको देखिन्छ । काशी महाजनपद हरेक कुराको विकास भएको, राजतन्त्रको उदय हुन लागेको र पुँजीको विकासका लागि ध्यान दिइएको देखिन्छ । त्यहाँ पानी माग्ने विभिन्न लोकसंस्कृति रहेको पाइन्छ । उशीनरको भोजनगर र सम्बाला मुक्त दासहरूद्वारा स्थापित समानतामा आधारित समाज हो । चम्पा विश्वामित्रको नयाँ जनपद हो । नियोगप्रथा त्यहाँको सर्वाधिक उल्लेखनीय कुरा हो । राजगृह पर्वतमा रहेको जनपद हो । कालधर मूसिक आफ्नो गाउँको धामी र प्रोहित हो । उसकी पत्नी प्राध्या चर्चित तान्त्रिक थिई । प्रतिष्ठानपुर गङ्गा र जमुनाको सङ्गममा रहेको स्थान हो । त्यहाँ एकातिर वैदिक अनुष्ठान भएको र अर्कातिर आसुरी तान्त्रिक विधि पनि चलिरहेको देखिन्छ । ययातिको समाजमा दस्तुर तिरेर मात्र माधवीलाई बिहे गर्न पाइने आसुरी पद्धति छ । तर स्वयम्वर पनि त्यहाँ स्वीकार्य छ । अर्कातिर वैदिक यज्ञयागादि पनि चलेको देखिन्छ । सम्बाला मुक्त दासहरूद्वारा स्थापित जनपद हो । ती मुक्त दासहरू पनि वैष्णवीभक्ति र धर्ममा आस्था राख्छन् । यी विभिन्न संस्कृतिमा केन्द्रित भएर अध्ययन गरिएको नदेखिएकाले यो अध्ययन गरिएको हो । प्रस्तुत अध्ययन गुणात्मक पद्धति र विषयवस्तुगत विश्लेषण विधिमा आधारित छ । संस्कृतिका विभिन्न पक्षलाई विश्लेषणको आधार बनाइएको छ । संस्कृतिको सूक्ष्म चित्रणमा प्रस्तुत उपन्यास सफल छ भन्ने यस अध्ययनको निष्कर्ष हो ।

*शब्दकुन्जी :* जीवनशैली, संस्कार, रीतिरिवाज, लोकविश्वास, जात्रापर्व

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८९/१०/१२, लेख पुनरावलोकन मिति : २०८०/११/२३, लेख स्वीकृत मिति : २०८१/०१/०५
DOI: https://doi.org/10.3126/sahayaatra.v7i1.66219. Journal home page: https://nepjol.info/index.php/sahayaatra.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

मदनमणि दीक्षित (२०३९) को माधवी उपन्यासमा संस्कृतिको सूक्ष्म चित्रण पाइन्छ । यो उपन्यास महाभारतको उद्योग पर्वका अध्याय १०६ देखि १२३ सम्मको कथा भए पनि संस्कृतिको चित्रणमा मौलिकता पाइन्छ । उपन्यासमा विभिन्न प्रकारका समाज प्रस्तुत गरिएको छ र भारतका उत्तरी क्षेत्र र नेपालका केही भूभागका विभिन्न समाजका संस्कृतिलाई सूक्ष्म ढङ्गमा हेरिएको छ । संस्कृति भनेको परम्परागत रूपमा समाजमा प्रचलित हुँदै आएको सामाजिक

व्यवहार, आस्था, विश्वास, संस्कार, रीतिरिवाज, अनुष्ठान, जात्रापर्व, कला हुन् । माधवी उपन्यासमा प्रस्तुत संस्कृतिको स्वरूप केकस्तो छ भन्ने यस अध्ययनको मुख्य समस्या हो । समस्याको समाधानका लागि पूर्वकार्यको पनि अध्ययन गरिएको छ । ईश्वरी गैरे (२०५२) ले गरिमा पत्रिका प्रकाशित 'माधवी उपन्यासको शक्ति र सीमा' शीर्षकको लेखमा माधवी उपन्यासमा चित्रित संस्कृतिको सामान्य उल्लेख गरेका छन् । राजेन्द्र सुवेदी (२०५३) ले नेपाली उपन्यास परम्परा र प्रवृत्ति नामक पुस्तकमा माधवी उपन्यासलाई आलोचनाचनात्मक यथार्थवादी धाराको उपन्यास भनेर व्याख्या गरेका छन् । कुलप्रसाद कोइराला (२०६३) ले 'माधवी' माथिको अन्तर्दृष्टि शीर्षकको पुस्तकमा माधवी उपन्यासको विभिन्न पक्षको चित्रण गर्ने क्रममा परिवेशको पनि विवेचना गरेको छन् । त्यस क्रममा संस्कृतिको व्याख्या पनि गरेका छन् । ऋषिराज बराले (२०६४) ले साहित्य र समाज नामक पुस्तकमा 'माधवी' उपन्यासको वैचारिक मूल्याङ्कन' शीर्षकको लेखमा माधवी उपन्यासको अध्ययन प्रगतिवादी विचारधाराका अध्ययन गरेका छन् । दुर्गाबहादुर घर्ती (२०६७) ले मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान नामक पुस्तकमा माधवी उपन्यासको विवेचना मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा गरेका छन् । यी पूर्वकार्यमा माधवी उपन्यासमा प्रस्तुत संस्कृतिको गहन र सूक्ष्म अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तुत अध्ययन गरिएको छ ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन पुस्तकालयकार्यबाट गरिएको छ । माधवी उपन्यास यस अध्ययनको प्राथमिक सामग्री हो । त्यस उपन्याससँग सम्बन्धित पूर्वअध्ययन एवं सैद्धान्तिक सामग्री द्वितीयक सामग्री हुन् । तिनलाई टिपोट विधिका आधारमा सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा सामग्री विश्लेषण गुणात्मक पद्धतिमा आधारित छ । तिनलाई विषयवस्तु विश्लेषण विधिमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक ढाँचा संस्कृतिको सिद्धान्तमा आधारित छ । त्यसमा संस्कृतिको स्वरूप, परिभाषा र प्रकार रहेका छन् । यस अध्ययनमा जीवनपद्धति, संस्कार, रीतिरिवाज, लोकविश्वास, र कलालाई संस्कृतिको अवधारणाका सूचकका रूपमा रहेका छन् ।

**संस्कृतिको सैद्धान्तिक आधार**

'संस्कृति' संस्कृत तत्सम शब्द हो । गर्नु, बनाउनु, उत्पन्न गर्नु, लेख्नु, सम्पन्न गर्नु भन्ने अर्थ बुझाउने 'कृ' धातुमा 'क्तिन्' प्रत्यय लागेर 'कृति' शब्द निष्पन्न हुन्छ, जसको अर्थ गराइ, उत्पादन, निर्माण, अनुष्ठान, कार्य, कृत्य, रचना, काम आदि भन्ने हुन्छ । 'कृति' मा 'सम्' उपसर्ग लागेर 'संस्कृति' शब्दको निर्माण हुन्छ । त्यसको व्युत्पत्तिगत अर्थ परिष्कार, तयारी, पूर्णता, मनोविकास भन्ने हुन्छ (आप्टे, सन् १९६९, पृ. २९७ र १३४८) । 'संस्कृति' शब्दको अङ्ग्रेजी पर्यायवाची रूप 'कल्चर' (culture) हो । यसको व्युत्पत्तिगत अर्थ उत्पादन गर्नु, खेती गर्नु भन्ने हुन्छ । त्यो शब्द ल्याटिन 'कल्टुरा' (cultura) बाट बनेको हो । त्यसको अर्थ 'कल्ट' (cult) अर्थात् धर्म, पन्थ, मत, सम्प्रदाय भन्ने हुन्छ (साइकस, सन् १९८२, पृ. २२५) । 'कल्टुरा' शब्द 'कोलेरे' (colere) बाट बनेको हो । त्यसको अर्थ निवास गर्नु, खेती गर्नु, पूजाका साथ सम्मान भन्ने हुन्छ (विलियम्स, सन् १९८३, पृ. ८७) । अङ्ग्रेजीमा 'कल्चर' को अर्थ कृषि, जोत्नु, पूजा, मस्तिष्क, विषय, रीतिको अभ्यास, मानव शरीरको अभ्यास, मानवको सभ्यता, ज्ञान, विश्वास र परम्पराको मिश्रण आदि भन्ने हुन्छ (क्रोएबर तथा क्लकहोन, सन् १९५२, पृ. ३३) । संस्कृति भन्नाले सामाजिक व्यवहार, संस्था, मूल्यमान्यता भन्ने बुझिन्छ जसभित्र विश्वास, रीतिरिवाज, सामाजिक व्यवहार, कला आदि पर्दछन् । ह्वाइट (मिति नभएको) का अनुसार संस्कृतिअन्तर्गत भाषा, विचार, विश्वास, प्रथा, संहिता, संस्था, सामग्री, प्रविधि, कलाकर्म, संस्कार जस्ता कुरा पर्दछन् । ई. बी. टाइलर (सन् १९२०) ले संस्कृतिलाई ज्ञान, विश्वास, कला, नैतिकता, कानून, रीतिरिवाज तथा व्यक्तिका अन्य क्षमता र आनिबानीको समग्रता हो भनेर चिनाएका छन् (पृ. १) । क्याम्ब्रिज डिक्सनेरी (मिति नभएको) का अनुसार संस्कृति निश्चित समयमा मानवको निश्चित समूहको जीवनपद्धति, विशेषगरी प्रथा तथा विश्वास हो । ब्रोनिस्ल मेलिनोस्की (१९६१) का विचारमा सर्वप्रथम के स्पष्ट छ भने मनुष्य तथा जातिको जैविक वा आधारभूत आवश्यकताहरूको सन्तुष्टि प्रत्येक संस्कृतिमा लगाइएका सर्तहरूको एक न्यूनतम समुच्चय हो (पृ. ३७) । यी विभिन्न परिभाषाहरूबाट संस्कृति भनेको समाजमा

परम्परागत रूपमा प्रचलित हुँदै आएका मूल्यमान्यता, सामाजिक व्यवहार, संस्कार, प्रथा, विश्वास, अनुष्ठान आदिको समग्रता हो भन्ने स्पष्ट हुन्छ ।

संस्कृति मूलतः भौतिक र अभौतिक संस्कृति गरी दुई प्रकार हुन्छ । उपकरण, हतियार, भाँडाबर्तन, मेसिन, आभूषण, कला, भवन, स्मारक, लिखित दस्ताबेज, धार्मिक चित्र, कपडा, मानिसद्वारा उत्पादित या उपयोग गरिने कुनै पनि वस्तु भौतिक संस्कृतिअन्तर्गत पर्दछन् भने मौखिक लोकवार्ता, प्रदर्शनकारी लोककला, प्रथागत लोकवार्ता अभौतिक संस्कृति हुन् (दिवस तथा अन्य, सन् २००७, पृ. ९) । अभौतिक संस्कृतिभन्दा भौतिक संस्कृति लामो समयसम्म जीवित रहने हुन्छ । भौतिक संस्कृतिको प्रभाव समाजअनुसार भिन्नभिन्न  हुन्छ । भौतिक संस्कृति मूर्त र अभौतिक संस्कृति अमूर्त हुन्छ । मूर्त संस्कृति मापनीय हुन्छ भने अमूर्त संस्कृति अमापनीय हुन्छ । मौखिक परम्परामा रहेका लोकसंस्कृतिमा प्रार्थना, श्राप, मन्त्र, लोककथा, मिथक, जनश्रुति, लोकोक्ति, पहेली, गाउँखाने कथा, लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य पर्दछन् । प्रदर्शनकारी लोककलामा लोकनाटक, लोकनृत्य, लोकसङ्गीत आदि समावेश हुन्छन् । प्रथागत लोकसंस्कृतिमा चाडपर्व, जात्रा, संस्कार गीत र नृत्य, तीर्थयात्रा आदि पर्दछन् । अभौतिक संस्कृति भनेको आत्मिक वा आध्यात्मिक सभ्यता हो जसअन्तर्गत भाषा, साहित्य, कला, धर्म, संस्कार, नैतिकता, नियम र शासन पर्दछन् (क्रोएबर तथा क्लकहोन, सन् १९५२, पृ. १५९) । संस्कृति भौतिक संस्कृति र अभौतिक संस्कृति दुवै उत्तिकै महत्त्वपूर्ण छन् ।

**माधवी उपन्यासमा सांस्कृतिक सन्दर्भ**

माधवी उपन्यासमा भारतको उत्तरी क्षेत्र र नेपालका केही भूभागको विभिन्न समाजलाई प्रस्तुत गरिएको छ । गालव र माधवी जस्ता यायावरीय पात्रका माध्यमद्वारा ती समाजको अवलोकन गरिएको छ । लामो सभ्यता र फराकिलो आयतनमा छरिएको हुँदा प्रस्तुत उपन्यास अनेक किसिमका सामाजिक सङ्गठनहरू प्रस्तुत गर्न सफल भएको छ (सुवेदी, २०६३, पृ. १५३) । यसमा छ दशक जतिको कालखण्डका सामाजिक अवस्था देखापर्दछ, तर समाजविकासको अवस्था हेर्दा यसले एउटा सिङ्गो युगलाई प्रतिबिम्बित गर्दछ । यस उपन्यासमा उत्तरवैदिक कालीन सिङ्गो युगको विकासको रेखाङ्कन गर्ने काम भएको छ (गैरे, २०५२, पृ. ६३) । कुलप्रसाद कोइराला (२०६३) का विचारमा पनि माधवी उपन्यासको समाज उत्तरवैदिक कालीन समाज हो । यस उपन्यासमा उत्तरवैदिककालीन उत्तरभारतको राजनीतिक र सामाजिक जीवनसँग अविभेद्य रूपले सम्बद्ध रहेका धार्मिक र सांस्कृतिक कृत्यको सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ (पृ. ८४) । उत्तरवैदिक काल भनेको ऋग्वेदको रचनापछि उपनिषदको रचनाकालसम्म हो ।

संस्कृतिको सम्बन्ध समाजसँग हुन्छ । माधवी उपन्यासमा सामाजिक विकास क्रमिक रूपमा नभए पनि  यसमा आदिम साम्यवादm दासयुग, सामन्ती युग, पुँजीवादी युग हुँदै वर्गविहीन समाजवादी युगसम्मको समाज देखापर्दछ । चौलामाताको वनायु जनपद मातृसत्तात्मक समाज हो । चौलामाताद्वारा "निषादगणमा कसैसित धन छैन र आफ्नै निम्तिमात्र आफै धनसङ्ग्रह गर्ने इच्छा पनि छैन" (दीक्षित, २०४८, पृ. १४२) भनिएको त्यो वनेचर र जलचर निषादहरूको त्यो समाज आदिम साम्यवादी प्रकारको छ । त्यसअन्तर्गत इभ्यग्राम र शैवालिक जनपद पनि पर्दछन् । मण्डलक जनपदमा पनि खेतीको विकास भएको अनि त्यहाँ पशुपालनको आरम्भ भइसकेको छ । शैवालिक जनपदमा दासदासी छन् तर दासदमन र दासविद्रोह देखिँदैन । अहिच्छत्र र कोशल जनपदमा दासप्रथा चुलिएको छ र दासविद्रोह पनि देखापर्दैछ । ती दुवै ठाउँमा सामन्तहरूमध्येबाट वर्ष वर्षमा राजा चुन्ने प्रचलन रहेको पाइन्छ । कण्वग्राम र भोजनगरमा अन्न खेती भएको देखिन्छ । काशी महाजनपद हरेक कुराको विकास भएको, उदार पुँजीको विकासका लागि ध्यान दिइएको देखिन्छ । उशनिरको भोजनगर र सम्बाला मुक्त दासहरूद्वारा स्थापित समानतामा आधारित समाज हो ।

प्रस्तुत उपन्यासमा परिवर्तनका प्रशस्त सङ्केत मिल्दछ । विश्वामित्र दासप्रथा उन्मुलनमा लागेको छ । उसले गुरुदक्षिणाका रूपमा गालवसँग चारओटा श्यामकर्ण घएको माग गर्नु पनि दासप्रथा समाप्त गर्ने उद्देश्यसँग जोडिएको छ । समाजमा प्राचीन संस्कार–संस्कृति पनि कायमै छ । एकातिर पुरानो समाजको विखण्डन हुँदो स्थिति छ भने अर्कातिर नयाँ समाजको उदाउँदो स्थिति छ । यसमा समाजविकासको सङ्क्रमणको अवस्था छ (बराल, २०६४, पृ. १७०) । प्राचीनताको

अवशेष पनि कायम रहेको र नवीनतातर्फ ढल्किन पनि लागेको देखिनाले यस उपन्यासका समाज सङ्क्रमणकालीन प्रकारको देखापर्दछ । उपन्यासको आरम्भमा "देवयुगको ब्रह्म यज्ञ र ऋतमाथि मानवयुगको धर्म नयाँ जीवनको सृजनशीलताले प्राधान्य लिन खोजिरहेको थियो । त्यो युगसन्धिमा विश्व नै चलायमान् थियो र उफ्रिएर एकै फड्कामा नयाँमा पुग्ने प्रयासमा लागेको थियो" (पृ. १०) भनिएको छ । यस उपन्यासमा भिन्नभिन्न समाजअनुसार संस्कृतिमा पृथक्ता देखपर्दछ ।

**कौशिकी जनपदको संस्कृति**

कौशिकी जनपद विश्वामित्रद्वारा स्थापित समाज हो । यो अन्य समाज जस्तो नभएर गुरुकुलमा आधारित आश्रम हो । यसबारे गालव रोहिताश्वलाई भन्छ— "कौशिकी जनपद अहिच्छत्र जस्तो पौरजन जनपद होइन कि वनोपान्तस्थित जनपद हो, त्यहाँ यस्ता श्रेणी र पणिहरू छैनन्" (पृ. ९३) । त्यहाँ शिक्षार्जनका लागि अन्तेवासीका रूपमा रहनुपर्ने र शिक्षा पूरा भएपछि गुरुदक्षिणा दिनुपर्ने व्यवस्था छ । गुरु प्रशन्न भएमा गुरुदक्षिणा नलिएर पनि समावर्तन गर्ने पनि चलन छ । गालवसँग प्रशन्न भएका विश्वामित्रले गुरुदक्षिणा नलिइकन नै गालवलाई समावर्तन गर्दा गालवले गुरुदक्षिणा दिने हठ गर्दा विश्वामित्रले चारओटा श्यामकर्ण घोडा माग गरेको हो । गालव भन्छ— "मैले आचार्य विश्वामित्रलाई चारओटा श्यामकर्ण घोडाको गुरुदक्षिणा दिनुपर्ने भयो । ... विश्वामित्र दासग्रहणलाई निन्दा गर भनी सुदासलाई भन्ने गर्थे । त्यसकारण वशिष्ठले उनको तिरस्कार गर्दा सङ्ग्राम भयो" (पृ. ३६) । विश्वामित्र दासहरूद्वारा श्रेणी र कृषिकार्य गराउनेहरूलाई घृणा गर्छ र दासप्रथा उन्मुलनका लागि चारओटा श्यामकर्ण घोडाद्वारा अश्वमेध यज्ञ गर्न चाहन्छ । उसले कृत दास शुनःशेपलाई मुक्त गरी उत्तराधिकारी बनाएको छ । अर्कातिर गुरुका आज्ञाअनुसार गुरुदक्षिणा दिनैपर्छ र त्यसो गर्न नसके ऋषिका श्रापले दासयोनिमा परिन्छ भन्ने त्रास पनि त्यस समयमा व्याप्त छ । गुरुआश्रममा अन्तेवासी भएर बसेको र गुरुदक्षिणाबाट मुक्त भइनसकेको गालवका लागि ब्रह्मचर्यको पालना सबभन्दा ठूलो धर्म बनेको छ (घर्ती, २०६७, पृ. १६०) । ऊ त्यसप्रति सधैँ सचेत देखिन्छ ।

**मण्डलक जनपदको संस्कृति**

मण्डलक जनपद गरुड जातिको समाज हो । नागजेय नारायणको भक्ति र सूर्यको आराधना गर्ने व्यक्ति हो । उनीहरू खेती गर्दैनन् तर पशुपालन भने गर्छन् । नागजेयको गाईगोठ छ । वनमा केही अन्न उपलब्ध हुने भए पनि उनीहरू गोरस, फलफूल र कन्दमूलमा आश्रित देखिन्छन् । त्यस समाजमा अपहरण गरेर र अर्काकी पत्नी दारक्रिया गरेर बिहे गरेको पनि देखिन्छ । नागजेयले अपहरण गरेर जवालाई बिहे गरेको र उसले पहिलो पत्नी सारङ्गालाई कन्यारूपमा विधिवत् दारक्रिया गरेर मुनि व्याघ्रपातलाई सारङ्गा दान गरेको छ । उसले जीवकलाई कन्याशुल्क प्रदान गरी जवालाई दुईओटा पुत्रनिम्ति प्राप्त गरेको छ र त्यसपछि जवा स्वतन्त्र हुन्छे । नागजेयले गालवको अतिथि सत्कारका लागि जवालाई "आज तिमी गालवको आतिथेयमा आफ्नो रात्रि अर्पित गर" (पृ. ४०) भन्छ । जवालाई गर्भधारण हुन नदिन रेतस् खिच्ने मन्त्रमाथि विश्वास छ । जवाको गर्भधारण संस्कारका लागि पुत्रमन्थ तन्त्र र ब्राह्मविधिको पुत्रेष्टि दुवै कृत्य गरिएको छ । गाईगोठमा सम्भोग गरे अवश्य गर्भधारण हुन्छ भन्ने विश्वास जवाले प्रकट गर्दछे ।

**इभ्यग्रामको संस्कृति**

इभ्यग्राम माहुतेहरूको समाज हो । त्यो खेतीपाती नगर्ने र हात्तीको दाँत खोजी जीविकोपार्जन गर्ने समाज हो । ग्राममाताका अनुसार त्यो गाउँको मुख्य काम वनमा हात्तीदाँत खोज्नु, विविध छालाहरू जम्मा पार्नु तथा हात्ती समात्नु हो । माहुतेहरू ती वस्तु सटही गर्छन् (पृ. ६४) । गणगोत्रचिह्न नभएका व्यक्तिलाई वनेचर समाजले दास बनाउन सक्ने भएकाले गणगोत्रचिह्न नागजेयले घाँटीमा झुन्ड्याएको छ र गालवलाई पाखुरामा कुशिकहरूका खरानीको त्रिदण्डी बनाउन लगाउँछ । इभ्यग्रामका घरमा मुसाको चित्र रहेको देखिन्छ ।

**शैवालिक जनपदको संस्कृति**

शैवालिक जनपद निषादहरूको समाज हो । सौरभ त्यहाँको प्रमुख हो । गण्डकी नदीमा सामान लिएर आउने जाने नौकामा ल्याइएका सामानका कर उठाउनु उसको काम हो । उसले कुन सामान कहाँ पठाउने भन्ने कुराको व्यवस्थापन पनि गर्छ । उसका काम गर्ने दासदासीहरू छन् । नागजेय र गालवलाई उसले गरेको अतिथि सत्कार उल्लेखनीय छ ।

**अहिच्छत्रको संस्कृति**

अहिच्छत्र दासशाला, दासदासी, दासदमन भएको नागवंशी असुर समाज हो । त्यहाँ बर्सेनि रक्तशलाकाद्वारा राजा चुनिने प्रचलन छ । रोहिताश्वले भनेको छ— "सम्राट्, यही अहिच्छत्रसभाले नागराज नहुषका प्रथमपुत्र ययातिलाई रक्तशलाकाद्वारा सभास्थाणु राजन्यमा वरण गरेको थियो र त्यसपछि प्रत्येक वर्ष कौमुदी–महोत्सवमा तिम्रा पितामह र पिता ययातिलाई राजन्यमा वरण गर्दै आएको हो" (पृ. ११८) । त्यहाँको दण्डविधान भौतिक किसिमको छ । ययातिले टाउको फुटाएर चोरलाई दण्डित गर्दछ । अहिच्छत्रमा गणगोत्रचिह्न हराइसकेको छैन । उपन्यासमा वरुणबलिको उत्सव हेर्न अहिच्छत्र जान लागेका आफ्ना विविध गणचिह्न भएका नरनारी देखिन्छन् । "कसैका वलयमा सर्प थिए त कसैले घाँटीमा नागरूपका माला । कोही मयुरपङ्खे श्रीपेचमा थिए भने कसैले कानमा कौडी झुन्ड्याएका थिए । ... हात्ती, कछुवा, वानर, भालु, इत्यादिका मुख देखाउने काठका वा छालाका ती मुकुन्डा कसैले त मुखमै पनि भिरेका थिए" (पृ. ७४) भन्ने भनाइबाट त्यहाँको गणगोत्रचिह्नबारे बुझिन्छ ।

वरुण बलिको उत्सव अहिच्छत्रको उल्लेखनीय पक्ष हो । राजा ययातिकी पुत्री माधवी वारुणी महामाया गणिकामा चयन भएकी छ । उसले दासीपुत्रलाई वरुण बलिका रूपमा अर्पण गर्नुपर्दछ । त्यस उत्सवको वर्णन उपन्यासमा यसरी गरिएको छ :

> वाद्ययन्त्रमा झन् कठोर स्वराघात हुन थाल्यो । माधवीको शरीर झन् गतिमान् भयो । उसको शिरमा रहेका फूलका मालाहरू खसिसकेका थिए । एउटा कठोर मुद्राद्वारा निमेषमात्रमा त्यसले वरुणलाई नमस्कार गरी र सभातिर फर्की । गाँठो फुस्केर उसका छातीबाट कञ्चुकी खस्यो । हलिमकका मन्त्रका शब्दहरू अट्टहासमा परिणत भए । उसले दुवै हात आकाशतिर उठायो. । अकस्मात् सबै बाजाहरू रोकिए । आफ्नो मुद्रामा माधवी पनि अडिई । उसको रौँ–रौँ काम्न थाल्यो । हलिमकले छेउकी नारीको काखबाट उसको छोरालाई हातमा समातेर झुन्ड्याउँदै माधवीतिर लग्यो । ... हलिमकका हातबाट माधवीले बालक लिई र फरक्क फर्केर लिस्नुको दासतिर माथि हुत्याइदिई । लिस्नुमा अडेको दासले टक्क समातेर त्यो चिच्याउँदो बच्चोलाई वरुणलाई अञ्जलीमा स्वाट्ट हालिदियो । सभाको दृष्टिबाट बच्चो बरुणको ज्वालामुखी मुखमा लोप हुँदा एउटा शिशु–चीत्कार सुनियो । (पृ. २६)

त्यस वरुण बलिको पुरोहित हलिमक हो । उसको तान्त्रिक विधिमा पञ्चमकारको सङ्केत पाइन्छ । यो कुरा "माधवीको शरीर सञ्चालन र मुद्रामा गतिहीनता बढ्दै गयो र चौताराको मध्यभागमा गएर बिछ्यौनामा झै ऊ पल्टिई, हलिमकले अघि सरेर आफ्नो कालो खास्टोले छोप्नै माधवीलाई दुवै हातले उठाएर कुमका बोक्यो र कटिभागबाट त्यसको मौञ्जी झिकेर फ्याँक्दै त्रिपुष्करतिर लिएर गयो" (पृ. २७) भन्ने भनाइबाट थाहा हुन्छ ।

अहिच्छत्रमा पनि मण्डलक जनपदमा जस्तै कन्याशुल्क तिरेर रोहिताश्वले यक्षकुलकी पुष्पिकाको पाणिग्रहण गरेको पाइन्छ । रोहिताश्वकी जेठी पत्नी अद्रिकाले पुष्पिकाको मारणहेतु हलिमकमार्फत गराएको मारण तन्त्र र त्यसका विरुद्ध गालवले सम्पन्न गरेको आभिचारिक योनितन्त्र पनि उल्लेखनीय छ । अद्रिकाको कृत्य थाहा दिने पिच्छलसँग प्रशन्न भएर उसलाई रोहिताश्वले दासयोनिबाट मुक्ति प्रदान गर्दछ र उसले आफ्नो नाम अश्मक भएको बताउँछ । उसको मागअनुसार सारिकाले पनि दासत्वबाट मुक्ति पाउँछे । कर्कोटक सुबाहुले माधवीको जन्म हुँदा "यो शिशु बढेर चार पुत्रप्रसू हुनेछिन् र ती प्रत्येक पुत्र यो भूमण्डलमा चक्रवर्ती सम्राट् हुनेछन्" (पृ. ११५) भनी गरेको भविष्यवाणीमा सबैले विश्वास गरेको देखिन्छ । त्यही विश्वासका कारण माधवीलाई केशशुल्का नारीका रूपमा स्वीकार गरिएको छ ।

**वनायु जनपदको संस्कृति**

वनायु जनपद निषादहरूको समाज हो। चौलामाता प्रमुख रहेको त्यो समाज मातृसत्तात्मक प्रकारको देखिन्छ। त्यो समाज समानतामा आधारित छ। चौलामाता भन्छे— “यो वनायु निषाद जनपदमा न कुनै दास न दासशाला नै छन्। यहाँ न श्रेष्ठी, न गृहपति नै छन्। हामीमा न दण्डधर, न दण्डनायक, न त ग्रामपाहरू नै छन्” (पृ. १३९)। उसका भनाइअनुसार निषादहरू वनेचर र जलचर दुवै हुन्। वनेचरमा व्याध, वर्धकी, कुम्भकारहरू र जलचरमा धीवर तथा केवटहरू हुन्छन्। ती दुवैभन्दा पृथक् इभ्यहरू पनि निषाद हुन्। ती सबै निषादहरूको जन्मथलो भनेर त्यही वनायुलाई गाथाले भनेको छ। निषादहरू सबैले वनायुमातालाई स्वीकार गर्छन्। इभ्यग्राम र शैवालिक जनपद पनि चौलामाताको अधीनका जनपद हुन्। वनायु जनपदमा नारीहरू स्वाधीन छन्। युवतीको सहमतिमा चौलाले बिहे गराइदिन्छे। बिहेपछि चौलाले युवकलाई “हेर्, तैँले आफ्नी पत्नीनिम्ति एउटा वन्य कुखुराको बलि दिनुपर्छ” (पृ. १४२) भन्ने आदेश दिन्छे। त्यहाँ कुमारी माता पनि स्वीकार्य छे। चौलामातालाई ऋतुस्नान गरेकी महिलाले गर्भधारणका सेवन गर्ने औषधीका बारेमा ज्ञान छ। उसले त्यो वनौषधी खोजेर माधवीलाई दिन्छे।

**कोशल जनपदको संस्कृति**

कोशल जनपद अहिच्छत्रभन्दा विकसित देखिन्छ। सभासदहरूबाट एक वर्षका लागि चुनिएको हुनाले हर्यश्व निरङ्कुश थिएन। त्यहाँ पनि दासप्रथा चुलिएको थियो। विद्रोही दासहरूलाई भूमिगत रूपमा बन्धनमा राखेर यन्त्रणा दिइएको थियो। वैदिक समाज भएको त्यस जनपदमा गणगोत्रचिह्न हराउँदै गएको देखिन्छ। एउटा छोराका लागि एउटा श्यामकर्ण घोडा दिने सर्तमा माधवीको पाणिग्रहण गरेपछि वैदिक पुत्रेष्टि यज्ञ र तान्त्रिक पुत्रमन्थ विधि गरिन्छ। तान्त्रिक विधिका लागि भूमिगत कारागारमा थुनिएकी चर्मपुटिका भनिने शान्तालाई दासत्वबाट मुक्त गरिन्छ। शान्ता महाकापालिक शङ्खग्रीवको शिष्यबाट बलात्कृत भएर दासयोनिमा परेकी हो। अयोध्यामा शान्तालाई वनायु जनपदकी चौलामाताले दिएको गर्भधारण गर्ने जडिबुटीको प्रयोग जान्ने भएकाले मुक्त गरिएको हो।

दासयोनि भोग्नुपर्ने र दासत्वबाट मुक्ति पाउने भल्लाक्षको प्रसङ्ग अनौठो खालको छ। ऊ रोहिताश्वले दक्षिणाका रूपमा गालवलाई दिएको दास हो। उसले आफ्नी पत्नी गिरिकासँग रात्रीकाल बिताउन गालवसँग अनुरोध गर्छ। आश्चर्यमा परेको गालवलाई स्पष्ट पार्दै भल्लाक्षले भन्छ— “स्वामीको सहवासबाट उसले गर्भधारण गरी भने हामी दुवैले विमोचन पाउँछौँ” (पृ. १७९)। भल्लाक्षले गालवको जिज्ञासा शान्त पार्नका लागि भनेअनुसार सरयुकिनारमा अरिष्टामुनिको आश्रम छ। भल्लाक्ष र गिरिका त्यहीँ खेती गर्थे। अघिल्लो वर्ष बाढीले खेत बगाएको र त्यसपछि दुई वर्षसम्म अनावृष्टि भएकाले अनिकालको स्थिति भएकाले दिनमा एकपटक मात्र खान पाउने गरी भल्लाक्ष गाई चराउने र गिरिका घरको काम गर्नेमा अरिष्टामुनिले लगाएका थिए। एकदिन गाई चराउन जाँदा चितुवाले अरिष्टाको गाईलाई मारिदिन्छ र मुनिको श्रापवश भल्लाक्ष र गिरिका दासयोनिमा पर्दछन्। गिरिकाले धेरै रोइकराइ गरेर अनुनयविनय गरेपछि अरिष्टाले विमोचनको त्यो बाटो देखाएका हो।

कोशल जनपदको मदन–महोत्सव अर्को महत्त्वपूर्ण सांस्कृतिक पक्ष हो। हर्यश्वप्रासादमा पुत्रेष्टि यज्ञ र पुत्रमन्थकर्मपछि मदनोत्सव पनि चल्दछ। मदनमहोत्सवका लागि अयोध्याबाहिरका ग्रामीणहरू पनि जम्मा हन्छन। त्यहाँ भाङ र मदिरापान पनि हुन्छ। “नाचगान, दीपाली र स्वच्छन्द रतिविलासद्वारा कौमुदी–महोत्सवमा पाउने गरेका ठाउँ यो औसरमा पनि उत्तिकै पाए” (पृ. २४२) भनिएको छ। हर्यश्वदरबारमा यम–यमी नाट्य मञ्चन हुन्छ।

**कण्वग्रामको संस्कृति**

कण्वग्राम ऋषिहरूको जनपद हो। कण्व त्यस ग्रामका महर्षि हो। ऊ ययातिको गुरुपुत्र हो। त्यहाँ पनि दासप्रथा छ र त्यहाँ कृषि तथा पशुपालनको विकास भएको छ। “कण्वको गोधन कृषिभन्दा ठूलो थियो र गोमतिपारि वन्यप्रान्तमा दासहरूद्वारा सुरक्षित रहन्थ्यो” (पृ. २७५—२७६) भन्ने भनाइबाट ऋषिकुलको व्यवसाय बुझ्न सकिन्छ। त्यहाँ छिमेकमा ऐँचोपैँचो चल्ने कुराको पनि उल्लेख पाइन्छ।

**वाटधानको संस्कृति**

बाटधान चैत्यअर्चनामा ठूलो हाट लाग्ने ठाउँ हो। त्यहाँको पणिपति बृहद्रथ हो। त्यस चैत्यमा पशुबलि दिइन्छ। माधवी र गालव त्यहाँ पुग्दा हाट लागेको हुन्छ। किराँतदेश, स्वर्णपुरी, उत्तरकुरु, अङ्गजनपद आदि विभिन्न ठाउँका व्यापारी र मेला हेर्नेहरू त्यहाँ जम्मा भएका देखिन्छन्। त्यहाँ सुन, चाँदी र काँसका गहना, लुगा, औषधी, खाद्यान्न, धातु, काठ र माटोका भाँडा, फलामका हतियार आदि देखापर्दछन्। त्यहाँ द्यूतक्रीडा, गन्धर्व र अप्सराका नाचगान, वेश्याका पसल थिए। गन्धर्व नटनटीले पुरुरवा–उर्वशीको नाट्य प्रदर्शन गर्दछन्। त्यहाँ द्यूतक्रीडामा पत्नी र पुत्रीलाई समेत बाजीमा राख्ने गरेको र दासपणिको कारुणिक दृश्य पनि देखिन्छ।

**काशी महाजनपदको संस्कृति**

काशी महाजनपद अन्य जनपदमध्ये सबैभन्दा विकसित देखिन्छ। "दिवोदासको राजप्रासादको भव्यतालाई देखेर गालवले अहिच्छत्र र अयोध्याका राजप्रासादलाई पर्णशालामात्र जस्तो ठान्यो" (पृ. ३०५—३०६) भन्ने भनाइबाट काशीको वैभव बुझ्न सकिन्छ। प्रतिबाहु "तर हेर, काशी महानगरी। यो भूमण्डलको स्वर्ग हो" (पृ. ३१४) भन्छ। त्यहाँको राजा दिवोदास रक्तशलाकाद्वारा चुनिएको नभई स्वयम् अधिकारसम्पन्न थियो। त्यहाँ राजतन्त्रको उदय हुन थालेको देखिन्छ। त्यसबारे प्रतिबाहुको "अर्थात् कति वर्षदेखि दिवोदास राजा छन् भनी प्रश्न गरेका ? अब आउने कौमुदी–महोत्सवमा बिसौँ शारदीय पूर्णिमा हुनेछ" (पृ. ३१४) भन्ने भनाइबाट स्पष्ट हुन्छ। त्यहाँ सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, शिल्पगत सबै कुराको उन्नति भएको देखिन्छ। काशीमा दासदासी भए पनि अन्यत्र जस्तो उग्र दारुणता छैन। त्यहाँ उदार अर्थतन्त्रको विशेषता देखापर्दछ। दिवोदासले जनताका लागि बाँडिने राष्ट्रभूमिमा पनि खेती गर्न लगाइएको र व्यापार तथा शिल्पको विकास भइरहेको देखिन्छ। त्यहाँ पनि गालव कोशल जनपदमा जस्तै उपाध्यायका रूपमा रहन्छ। ऊ त्यहाँ हुने विद्वान्हरूको शास्त्रार्थमा सहभागी हुन्छ। शास्त्रार्थमा पराजित हुनेले प्राण हरण हुन्छ। प्रयुत शास्त्रार्थमा पराजित भएपछि गालवले प्राणदान दिए पनि ऊ भोलिपल्ट जलसमाधिमा प्राण त्याग गरेको भेटिन्छ।

काशीमा विभिन्न अनुष्ठान सम्पन्न भएको देखिन्छ। दिवोदासले इन्द्रयज्ञ गर्दछ र आफूलाई इन्द्र जस्तो अनुभव गर्दछ। त्यसको दोस्रो दिन उसले ब्रह्मयज्ञ गर्छ। गालवको प्रयुत र महाकापालिक शङ्खग्रीवसँग शास्त्रार्थ हुन्छ। त्यसै क्रममा कबन्धप्रतिको विश्वास पनि देखापर्दछ। सहरप्रवेशमा निषिद्ध कापालिकहरूलाई दिवोदासको बगैँचामा राखिएको थियो। उसका सन्दर्भमा भनिएको छ :

> महाकापालिकका आवश्यकताअनुसार दिवोदासको भण्डारेले पर्याप्त सुरासाथै साँदिएको सुकुटी तथा भुटेको जौ र विविध फलहरू उपलब्ध गराइएको थियो। आफ्नो लामो जटालाई कापालिकले शिरमा राम्ररी मिलायो, बाघछालाभित्र मूंजको कौपिनलाई राम्ररी बाँध्यो, मद्यपाननिम्तिको मानवकरोटीबाट अलिकति पान ग र्‍यो र त्यसरी शास्त्रार्थनिम्ति तयार भएर महाकापालिकले त्यो खप्परलाई आफ्नो सामुन्ने भुइँमा उसले बनाएको दोहोरो योनितन्त्रको षट्कोणाथि राखेर प्रशान्त मुद्रामा आफ्नो कैलो दाह्री मुसार्दै आधा चिम्लिएका आँखामा ध्यानावस्थित चित्तले भन्यो— 'ब्रह्मर्षि वशिष्ठले खीरको कुरामा अनादर गरेर गएपछि राजर्षि विश्वामित्रले घनघोर तपस्या गर्दा कौशिकीहरूसित मेरो साहचर्य भएको थियो। (पृ. ३४२)

शास्त्रार्थमा महाकापालिक धीर, गम्भीर र विद्वान् देखिन्छ। उसले कापालिक धर्ममार्ग प्राचीन र पुरातन युगमा सम्मानित थियो भनेर परिचय दिन्छ। उसले योनितन्त्र र घोर जीवन अवलम्बन गरेको छ।

काशीको अर्को धार्मिक कृत्य गङ्गा–पूजा हो। जेष्ठ शुक्ल दशमीमा गङ्गाकिनासस्थित बगैँचामा त्यो पूजा गरिन्छ। त्यहाँ काशी महाजनपदका सबैजसो उच्च व्यक्ति, अमात्यपरिषद् र तिनका परिवार, काशीका सम्पूर्ण ऋत्विज, आयुधिन र पणिपति–श्रेष्ठिन्, उपस्थिति हुने गरेको देखिन्छ। त्यस अवसरमा माधवीले गरेको विधि उल्लेखनीय छ :

> भोजन समाप्त गरेर पान चपाउँदै विश्राम गरिरहेकी माधवी आफ्नो ठाउँबाट उठी र निजिकैको ठूलो अशोक वृक्षको छेउमा गएर त्यसको फेदमा पान थुक्दै दुवै खुट्टाले पालेपालो रूखलाई हानी। त्यसपछि त्यो वृक्षलाई

अँगालो हालेर माधवीले म्वाइँ खाई, ढोगी र फर्किएर आफ्नो ठाउँमा बसी । ... कीर्तिका हँसिला आँखाका प्रश्नलाई माधवीले बुझी र आफ्ना खुट्टालाई समेट्दै कानमा साउती गरी— 'सन्तानेच्छा भएपछि अहिच्छत्रकी कर्कोटकीहरू यसै गर्छन् । पान खाएर थुकिदिँदै पादप्रहार गरेपछि अब पन्ध्र दिनमा यो अशोक रातै भएर फुल्यो भने मैले गर्भधारण गर्नेमा शङ्का गर्नुपर्ने छैन । (पृ. ३५४)

सूर्यास्तपछि गङ्गाकिनारमा गङ्गा–पूजा आरम्भ हुन्छ । दिवोदासले गङ्गालाई दूध र महको धार दिएर सीताफल र सिन्दुर चढाएपछि काशीका विख्यात गन्धर्वी र अप्सराहरूको गीतनृत्य चल्दछ ।

काशीमा अनावृष्टिका कारण मानिसहरू छटपटाउन थालेपछि वर्षा गराउने अनेक उपाय गरिएको देखिन्छ । संसद्सभाले महाजनदपदभरि वरुण र इन्द्रनिम्ति विशेष स्तुति गर्ने र बलि दिन निर्णय गर्दछ । काशीका नाग र गरुड, यक्ष र गन्दर्भ तथा असुर र दानवहरू तान्त्रिकी विधिले आकाशतिर फर्किएर पानी माग्न थाल्दछन् । महाजनपदका नागरिकहरू बाजा बजाउँदै घरघरमा गएर महानागहरूसित पानी माग्दछन् । त्यसो गर्दा पनि पानी नपरेपछि दोस्रो दिन गोधुलीका समयमा खेतमा गएर गाई दुहेर माटोलाई गिलो पारी गरुड–तन्त्र गरिन्छ । पानी नपरेपछि नागतन्त्र गरिन्छ । त्यो विधि ऋतुस्नान नगरेकी कुनै नारीले हलो चोरेर बाँझो खेतमा पु¥याउने र अर्कोतिरबाट पूर्णगर्भा नारी सुटुक्क आएर पहिली नारीले हलो तानेर र दोस्रीले हलो समाएर केहीबेर हलो जोडेपछि घर फर्की माटाका रित्ता घैँटा शिरमा राखी गीत गाउँदै इन्द्रसित पानी माग्दै नगर परिक्रमा गरिन्छ । अझ पानी पर्न नसकेपछि किरात उग्रतन्त्र सम्पन्न गरिन्छ । त्यो तन्त्र ऋतुस्नान भइसकेका नारीहरू मध्यरात्रिमा क्षेत्रमा परिधानरहित जनपदपुरुषसँग सम्भोग गर्नुपर्छ, तर उनीहरूमा भोगलिप्सा हुनुहुँदैन र परस्परमा परिचय वा वार्ता हुनुहुँदैन । त्यो विधि नगर्दै त्यही दिनको मध्याह्नमा भीषण वर्षा हुन्छ ।

काशी महाजनपदको अर्को महत्त्वपूर्ण सांस्कृतिक पक्ष कौमुदी–महोत्सव हो । यो आश्विन पूर्णिमाका दिन मनाइएको देखिन्छ । त्यस पर्वमा नारीहरूले चैत्यमा गएर मातृकाहरूलाई बलि दिएर आरम्भ गरिएको देखिन्छ । जुवा, सङ्गीत र नृत्य, अनि स्वच्छन्द रतिविलास कौमुदी–महोत्सवको मुख्य अङ्ग रहेको उपन्यासमा उल्लेख गरिएको छ ।

काशीमा सूर्यग्रहणसम्बन्धी जनविश्वास र त्यसमा गरिने कृत्य पनि उल्लेखनीय छ । काशीमा एकदिन सूर्यग्रहण लाग्दछ । त्यसबारे भनिएको छ— "जनश्रुतिहरूअनुसार कुनै आकाशचारी प्रेतको कारणले आफ्नो प्रकाशका साथै सूर्य स्वयम् लुप्त भएको थियो र पृथ्वी पनि अन्धकारयुक्त थियो । त्यसैले त्यो प्रेतप्रभावबाट मुक्ति पाउन सबैले स्नान गर्नुलाई आवश्यक मानिन्थ्यो" (पृ. ४०५) ।माधवी गर्भावस्थामा रहेको शिशुलाई सूर्यग्रहणको दुष्प्रभाव पर्नेमा चिन्तित हुन्छे ।

**करुषग्रामको संस्कृति**

करुषग्राम दशपन्ध्रओटा छाप्रा भएको सानो गाउँ हो । त्यसको प्रमुख बटेरी हो । त्यस गाउँमा आफ्नो कुल र गोत्रसमेत बिर्सिसकेको वृद्ध कुम्भकार छ । ऊ पृथ्वीलाई माता र आकाशलाई पिता भन्छ र तिनलाई सबैका प्राण मान्दछ । करुषग्राममा जेठ लागेपछि रात्रिकालमा गाइने वर्षा गीत अनादिकालदेखिको छ । बटेरी त्यस ग्रामको पुरोहित पनि थियो र उसले ग्रामचैत्यको हेरविचार गथ्र्यो । ग्रामान्तमा रहेको ठूलो पीपलको हाँगामा हरेक वर्ष एउटा मृत बाज झुन्ड्याउने र फेदमा रहेका साना र गोल आठओटा दर्शनेढुङ्गालाई ग्राम्यमाता भनेर वर्षमा दुईपटक मन्त्रका साथ पशुबलि दिनु उसको पुरोहित्याइँ थियो ।

**भोजनगरको संस्कृति**

भोजनगर उशीनरको राजधानी हो । त्यस उशीनरको राजा शिवि हो । ऊ पनि रक्तशलाकाद्वारा एक वर्षका लागि राजा चुनिएको छ । त्यहाँ साँझ परेपछि मातृकालाई दीपदान गरिन्छ । त्यो वैष्णवहरूको समाज हो र उनीहरू आफूलाई परमभागवत भन्दछन् । उनीहरू सम्बोधनमा ॐ नमो नारायण मन्त्र उच्चारण गर्छन् र अमोहस्मि वैष्णवहरूको मुक्तिमन्त्र मान्दछन् । वैष्णवी उशीनर यज्ञकर्ता होइनन् । नारायणीधर्मद्वारा दासहरूले विमोचन पाउन थालेको र दासहरूले वैष्णवधर्म ग्रहण गरेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । दासत्वबाट मुक्ति प्रदान गउनीहरूका भोजन शुद्ध र सात्त्विक छन् । वास्तवमा त्यहाँ कुनै प्रकारको भेदभाव छैन । कृषिकर्म नै त्यहाँको मुख्य व्यवसायका रूपमा देखापर्दछ । त्यो

मुक्तदासहरूबाट स्थापित समानतामा आधारित समाज हो । राजाले पनि आफ्नै कर्षण गर्नुपर्दछ । त्यसैले गालवका लागि पनि खेती गर्नका लागि राष्ट्रदान गरिन्छ । गालव उपाध्यायका रूपमा रहने र उसको कर्षण कार्य अरूले गरिदिने हो भने गालवको राष्ट्रमा दासत्वले प्रवेश पाउनेछ भन्ने कुरा उठ्छ । भोजनगरमा पनि कौमुदी–महोत्सव चलेको देखिन्छ । त्यहाँ रहँदा गालवले वैष्णवोपनिषद्का रचना गर्दछ ।

**चम्पाको संस्कृति**

चम्पा विश्वामित्रको नयाँ जनपद हो । ऊ कौशिकी जनपदबाट त्यहाँ आएर बसेको समयमा गालव र माधवी त्यहाँ पुग्दछन् । चौथो श्यामकर्ण घोडा संसारमा नभएकाले चक्रवर्ती पुत्रप्राप्तिका लागि नागजेयको सल्लाहबमोजिम उनीहरू त्यहाँ पुगेका हुन्छन् । त्यहाँ पनि गृहदास देखापर्दछन् । विश्वामित्रले गालवको आग्रह सहर्ष स्वीकार गरे पनि आफू वृद्ध भएकाले सन्तानोपत्तिका लागि भान्जा प्रमतकमार्फत माधवीको गर्भधारण गराउँछ । त्यसलाई नियोगप्रथा भनिएको छ ।

**राजगृहको संस्कृति**

राजगृह पर्वतमा रहेको जनपद हो । माधवी र गालव चम्पाबाट प्रतिष्ठानपुरतर्फ लाग्दा त्यहाँ कालधर मूसिकका घरमा झन्डै एक महिना बिताउँछन् । कालधर मूसिक आफ्नो गाउँको धामी र प्रोहित हो । उसकी पत्नी प्राध्या चर्चित तान्त्रिक थिई । त्यहाँ जाँदा अङ्गदेशमा उनीहरूले राष्ट्र रुखा र नमिलेका देख्छन् । गालवले पाँच दिनको हिंडाइमा कतै हलो नदेखिएको बताउँछ । भोजनगरमा हलोद्वारा कृषिकर्म भए पनि करुषग्राममा पनि हलो देखिएको थिएन भन्ने चर्चा पनि उनीहरूका बिच चल्दछ ।

**प्रतिष्ठानपुरको संस्कृति**

प्रतिष्ठानपुर (प्रयाग) गङ्गा र जमुनाको सङ्गममा रहेको स्थान हो । त्यहाँ एकातिर वैदिक अनुष्ठान भएको र अर्कातिर आसुरी तान्त्रिक विधि पनि चलिरहेको देखिन्छ । ययातिकोमा दस्तुर तिरेर मात्र माधवीलाई बिहे गर्न पाइने आसुरी पद्धति छ । तर स्वयम्वर पनि त्यहाँ स्वीकार्य छ । अर्कातिर पनि वैदिक यज्ञयागादि पनि चलेको देखिन्छ । त्यहाँ कोशल जनपद, काशी महाजनपद, भोजनगर र चम्पाका चार सम्राट्हरू वसुमना, प्रतर्दन, शिवी र अष्टकद्वारा चतुःराष्ट्र वाजपेय यज्ञ सम्पन्न गरेका छन् ।

**सम्बालाको संस्कृति**

सम्बाला मुक्त दासहरूद्वारा स्थापित जनपद हो । त्यसको प्रमुखका रूपमा शनिशिरा हो । सम्बालासभामा नारीहरूसमेत शस्त्रास्त्रसति देखापर्दछन् । त्यहाँ घर, हतियार, हलो, भाँडाकुँडा र वस्त्राभूषण आआफ्ना भए पनि खेत र गाईगोरु कसैको आफ्नो थिएन । उनीहरू सहकार्य गर्छन् । ती मुक्त दासहरू पनि वैष्णवीभक्ति र धर्ममा आस्था राख्छन् ।

**निष्कर्ष**

माधवी उपन्यासमा संस्कृतिको चित्रण महत्त्वका साथ प्रस्तुत गरेको पाइन्छ । यस उपन्यासमा महाभारतको उद्योग पर्वका अध्याय १०६ देखि १२३ सम्म पाइने गालवसम्बन्धी कथालाई आधार बनाइए पनि त्यसमा मौलिक प्रकारले संस्कृति प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा माधवी र गालव जस्ता यायावरीय पात्रका माध्यमबाट भारतका उत्तरी क्षेत्र र नेपालका केही भूभागका विभिन्न समाजका संस्कृति देखाइएको छ । संस्कृति भनेको परम्परागत रूपमा समाजमा प्रचलित प्रचलित हुँदै आएका जीवनपद्धति, सामाजिक व्यवहार, आस्था, विश्वास, संस्कार, रीतिरिवाज, अनुष्ठान, जात्रापर्व, कला आदि हुन् । माधवी उपन्यासमा सामाजिक विकास क्रमिक रूपमा नभए पनि यसमा आदिम मातृसत्ताको स्वरूप पनि देखिन्छ र दासयुग, सामन्ती युग, पुँजीवादी युग हुँदै वर्गविहीन समाजवादी युगसम्मको समाज देखापर्दछ । ती समाजका संस्कृति महाभारतका भन्दा मौलिक प्रकारका छन् । चौलामाताको वनायु जनपद मातृसत्तात्मक समाज हो । त्यसअन्तर्गत इभ्यग्राम र शैवालिक जनपद पनि पर्दछन् । मण्डलक जनपदमा खेतीको विकास नभएको पनि त्यहाँ पशुपालनको आरम्भ भएको देखिन्छ । शैवालिक जनपद निषादसमाज हो । अहिच्छत्र र कोशल जनपदमा दासप्रथा र दासविद्रोह पनि देखापर्दछ । ती दुवै ठाउँमा सामन्तहरूमध्येबाट वर्ष वर्षमा राजा चुन्ने प्रचलन रहेको पाइन्छ । कण्वग्राम र भोजनगरमा अन्न खेती

भएको देखिन्छ। काशी महाजनपद हरेक कुराको विकास भएको, राजतन्त्रको उदय हुन लागेको र पुँजीको विकासका लागि ध्यान दिइएको देखिन्छ। त्यहाँ पानी माग्ने विभिन्न लोकसंस्कृति रहेको पाइन्छ। उशीनरको भोजनगर र सम्बाला मुक्त दासहरूद्वारा स्थापित समानतामा आधारित समाज हो। चम्पा विश्वामित्रको नयाँ जनपद हो। नियोगप्रथा त्यहाँको सर्वाधिक उल्लेखनीय कुरा हो। राजगृह पर्वतमा रहेको जनपद हो। कालधर मूसिक आफ्नो गाउँको धामी र प्रोहित हो। उसकी पत्नी प्राध्या चर्चित तान्त्रिक थिई। प्रतिष्ठानपुर गङ्गा र जमुनाको सङ्गममा रहेको स्थान हो। त्यहाँ एकातिर वैदिक अनुष्ठान भएको र अर्कातिर आसुरी तान्त्रिक विधि पनि चलिरहेको देखिन्छ। ययातिकोमा दस्तुर तिरेर मात्र माधवीलाई बिहे गर्न पाइने आसुरी पद्धति छ। तर स्वयम्वर पनि त्यहाँ स्वीकार्य छ। अर्कातिर पनि वैदिक यज्ञयज्ञादि पनि चलेको देखिन्छ। सम्बाला मुक्त दासहरूद्वारा स्थापित जनपद हो। ती मुक्त दासहरू पनि वैष्णवीभक्ति र धर्ममा आस्था राख्छन्। समग्रमा, संस्कृतिको विस्तृत चित्रणमा प्रस्तुत उपन्यास सफल रहेको छ।

## सन्दर्भ सामग्रीसूची


आप्टे, वामन शिवराम (सन् १९६९). संस्कृत–हिन्दी कोश (दोस्रो संस्क.). दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा. लि.।

कोइराला, कुलप्रसाद (२०६३). 'माधवी' माथिको अन्तर्दृष्टि. जुपिटर प्रकाशन।

गैरे, ईश्वरीप्रसाद (२०५२). माधवी उपन्यासको शक्ति र सीमा.गरिमा, १३(५), ५७—६६।

घर्ती, दुर्गाबहादुर (२०६७). मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान. साझा प्रकाशन।

दीक्षित, मदनमणि (२०४८). माधवी (दोस्रो संस्क.). साझा प्रकाशन।

बराल, ऋषिराज (२०६४). साहित्य र समाज. साझा प्रकाशन।

सुवेदी, राजेन्द्र (२०५३). नेपाली उपन्यास परम्परा र प्रवृत्ति. भूमिका प्रकाशन।

Cambridge University Press & Assessment. (n.d.). Culture. *Cambridge dictionary*. Retrieved 2023, Dec 12, from https://dictionary.cambridge.org/dictionary/english/culture.

Diwasa, T. Bandhu, C. M., and Nepal, B. (2007). *The intangible cultural heritage of Nepal: Future directions*. UNESCO Kathmandu Office.

Kroeber, A. L. & Kluckhohn, C. (1952). *Culture: A critical review of concepts and definitions.* Vintage Books, A Division of Random House.

Malinowski, B. (1961). *A scientific theory of culture and other essays* (2nd ed.). A Galaxy Book.

Sykes, J. B. (Ed.). (1982). *The Concise Oxford Dictionary of Current English* (7th ed.). Oxford University Press.

Tylor, E. B. (1920). *Primitive culture: Researches into the development of mythology, philosophy, religion, art, and custom* (4th ed., Vol. 1). John Myrray, Albemarle Street.

White, L. A. (n.d.). Culture. *Encyclopedia Britannica*. Retrieved 2023, December 5, from https://www.britannica.com/topic/culturehttps://www.britannica.com/topic/culture

Williams, R. (1983). *Keywords: A vocabulary of culture and society* (Rev. ed.). Oxford University Press.